NABIL BANK®
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

Nabil Bank
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मिति: २०७९/१०/१५

प.लि.नं.: १-२०४०/०४१

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, काठमाडौं ।

विषय : साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) सम्बन्धमा ।

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०७९ पौष २९ गते शुक्रवार(तदनुसार १३ जनवरी, २०२३) सिल्भर ओक ब्याङक्वेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौंमा सम्पन्न ३८औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्युट) यसै पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

NABIL BANK • Head Office • Teendhara, Kathmandu

विनय कुमार रेग्मी
कम्पनी सचिव

संलग्न:
१. साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

# नबिल बैंक लिमिटेडको
# ३८औं (अड्तीसौं) वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माइन्यूट)

१. वैधानिक सभा :

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको ३८औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. सभाको मिति, स्थान र समय :

मिति : २०७९ पौष २९ गते, शुक्रवार (१३ जनवरी २०२३)
स्थान : सिल्भर ओक ब्याङक्वेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौं
समय : बिहान १०:०० बजे प्रारम्भ भई अपराह्ण १२:३० बजे सम्पन्न भएको

३. सभाको सूचना :

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको ३८औं वार्षिक साधारण सभाको सूचना तथा आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुका साथै मिति २०७९ पौष ६ गतेको "कारोबार" राष्ट्रिय दैनिक, २०७९ पौष १३ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूमा जानकारीको लागि प्रकाशित गरिएको थियो । त्यसैगरी २०७९ पौष २२ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा वार्षिक प्रतिवेदन QR Code मार्फत प्राप्त गर्न सकिने जानकारी सहितको साधारण सभा सम्बन्धी संक्षिप्त सूचना प्रकाशित भएको थियो । साथै, क्रमश: मिति २०७९ पौष १३, १४ र १५ गते रेडियो सगरमाथा १०२.४ मेगाहर्ज एफ.एम. मार्फत् समेत शेयरधनीहरूलाई दर्ता किताब बन्द गरिने तथा साधारण सभाका सम्बन्धमा सूचीत गरिएको थियो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

साधारणसभामा पेश गरिने सञ्चालकको प्रतिवेदन २०७८/७९, आ.व. २०७८/७९ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक आर्थिक विवरण तथा छलफलका अन्य विषयहरु शेयरधनी महानुभावहरुले तिनधारा, दरबारमार्ग, काठमाडौंस्थित बैंकको केन्द्रिय कार्यालय, बैंकको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय नक्साल, काठमाण्डौबाट तथा बैंकको वेबसाईट https://www.nabilbank.com/ बाट प्राप्त गरी जानकारी लिन सकिने तथा वार्षिक प्रतिवेदन QR Code मार्फत् समेत प्राप्त गर्न सकिने व्यवस्था भएको जानकारी समेत सभामा गराइएको थियो ।

४. छलफलको विषय :

(क) <u>सामान्य प्रस्ताव</u> :

१. सञ्चालक समितिको प्रतिवेदन २०७८/७९ पारित गर्ने,
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने,
३. यस बैंकका सहायक कम्पनीहरू "नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नेपाल बङ्गलादेश क्यापिटल लिमिटेड र एन.बी.बी.एल. सेक्युरिटिज लिमिटेडको" को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूंजीको ११.५० प्रतिशतका दरले हुन आउने रू.२,६२,५७,८४,४९२/६८ बराबरको नगद लाभांश वितरण स्वीकृत गर्ने,
५. आ.व. २०७९/८० (२०२२/२३) को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक SAR Associates Chartered Accountants र P.J. P.N. & Co. Chartered Accountants पुन: नियुक्त हुन योग्य हुनुहुन्छ),
६. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचन गर्ने ।

NABIL BANK Head Office Teendhara, Kathmandu

(ख) विशेष प्रस्ताव :

१. बैंकको अधिकृत पूंजी वृद्धि गरी रू.२८,००,००,००,०००/- (अक्षरेपी अठ्ठाइस अर्ब रूपैयाँ) पुऱ्याउने,

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रू.४,२२,४०,८८,०९६/९२ बराबरको बोनस शेयर अर्थात् चुक्ता पूंजीको १८.५० प्रतिशत (प्रत्येक १०० कित्ता शेयर बराबर १८.५० कित्ता) बोनस शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूंजी रू.२७,०५,६९,९६,७२९/२६ पुऱ्याउने,

३. बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) तथा नियमावलीको नियम ३१(२), ३१(३) र ३१(४) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने,

४. आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने,

५. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्ने, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्ने तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध :

५. उपस्थिति :

५.१ सञ्चालकहरू :

| | | |
|---|---|---|
| १. | श्री उपेन्द्र प्रसाद पौडेल | : अध्यक्ष |
| २. | श्री निर्वाण कुमार चौधरी | : उपाध्यक्ष |
| ३. | श्री मलय मुखर्जी | : सञ्चालक |

NABIL BANK Head Office Teendhara, Kathmandu

४. श्रीमती आशा राणा अधिकारी : स्वतन्त्र सञ्चालक

५. श्री अनन्त पौड्याल : सञ्चालक

६. श्री प्रविन टिवडेवाला : सञ्चालक

(नोट : बङ्गलादेशमा रहनुभएका सञ्चालक श्री ए.आर.एम.नजमुस शकिब व्यक्तिगत कारणले गर्दा सभामा उपस्थित हुन नसक्नुभएको सभालाई जानकारी गराइयो ।)

५.२ व्यवस्थापन पदाधिकारी :

१. श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गाना : प्रमुख कार्यकारी अधिकृत

२. श्री सुजित कुमार शाक्य : वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत

३. श्री विनय कुमार रेग्मी : नायब प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

४. श्री मनोज कुमार ज्ञवाली : नायब प्रमुख कार्यकारी अधिकृत

५. श्री भुपेन्द्र पाण्डे नायब प्रमुख कार्यकारी अधिकृत

६. श्री आदर्श बजगाई : नायब महाप्रवन्धक (प्रमुख अन्तर्राष्ट्रिय बैंकिङ्ग तथा निर्माण व्यवसाय बैंकिङ्ग

७. श्री कृष्ण दत्त भट्टराई : प्रमुख रणनीति अधिकृत

८. श्री रघु कृष्ण श्रेष्ठ : नायब महाप्रबन्धक, निर्माण व्यवसाय बैंकिङ्ग

९. श्री गणेश प्रसाद अवस्थी : प्रमुख सञ्चालन अधिकृत

१०. श्री ज्ञानेन्द्र प्रताप शाह : प्रमुख व्यापार अधिकृत-कर्पोरेट कर्जा, पूर्वाधार तथा परियोजना कर्जा

११. श्रीमती नमिता दिक्षित : प्रमुख जोखिम अधिकृत

१२. श्री युगेश लाल विजकुक्छे : प्रमुख- आन्तरिक लेखापरीक्षण विभाग

NABIL BANK Head Office Teendhara, Kathmandu

५.३ अन्य :

१. श्री शेखर बाबु कार्की (उप रजिष्ट्रार) : पर्यवेक्षक– कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री सुनीर कुमार ढुङ्गेल : बाह्य लेखापरीक्षक – साझेदार, एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउन्टेण्ट्स

३. श्री प्रकाश जङ्ग थापा : बाह्य लेखापरीक्षक – साझेदार, पि.जे.पि.एन. एण्ड कम्पनी, चार्टड एकाउन्टेण्ट्स

४. श्री ज्ञानेन्द्र बहादुर भारी : बाह्य लेखापरीक्षक – साझेदार, बि.आर.एस. नेउपाने एन्ड एसोसिएट्स, चार्टड एकाउन्टेण्ट्स

५. अधिवक्ता शरद राना मगर : निर्वाचन अधिकृत

५.४ शेयरधनीहरूको उपस्थिति :

जम्मा उपस्थित संख्या : १,३६४

६. गणपूरक संख्या :

| विवरण | कुल शेयरधनी संख्या | उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/सर्वसाधारण समूह) | १८७,६५९ | १,३६४ | ५६.१०% |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | २२,८३,२९,०८६.३२ | १२,७८,९०,३८३ | १००% |

७. सभाको वैधानिकता र सभाको अध्यक्षता :

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको ३८औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल सहभागी संख्या १,३६४ रहेको र कुल शेयरको ५६.१०% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरू सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो र तत्पश्चात् उपस्थित सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरूलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको ३८औं वार्षिक साधारण सभा शुरू गर्न अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

८. ३८औं वार्षिक प्रतिवेदनको प्रस्तुति :

सभाका अध्यक्षले औपचारिक रूपमा सभा शुरू भएको घोषणा गर्नुभयो र पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा पढेर सुनाउनु भयो । सर्वप्रथम अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी लगायत सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नुभयो । उहाँले वि.स.२०७५ देखि वि.स.२०७९ सम्म विगत पाँच वर्षको अवधिमा बैंकले गरेका उपलब्धिहरूलाई प्रमुख सूचकाङ्कको रूपमा तुलनात्मक झलक प्रस्तुत गर्दै बैंकले हासिल गरेका यी उपलब्धिहरूको हकदार सबै शेयरधनी

NABIL BANK Head Office Teendhara, Kathmandu

महानुभावहरू रहनुभएको कुरा सभामा राख्न पाउँदा आफूलाई गौरव लागेको जानकारी गराउनुभयो । समीक्षा वर्ष २०७८/७९ मा बैंकले रू.४ अर्ब २६ करोड खुद मुनाफा आर्जन गरेको जानकारी गराउँदै बैंकको कुल कर्जा तथा सापटमा ५०.३१% निक्षेपमा दायित्वमा ४४.५७% वृद्धि भएको विवरण पेश गर्नुभयो । समीक्षा वर्षमा बैंकले साविकको नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति गरी तथा व्यावसायिक कार्यदक्षता सहित उचित वित्तीय व्यवस्थापनको परिणाम स्वरूप आफ्नो वासलातमा उल्लेख्य वृद्धि गरेको जानकारी गराउनुभयो । कूल कर्जा वृद्धिमा साविकको नेपाल बङ्गलादेश बैंकबाट प्राप्त रकम बाहेक खुद्रा तथा साना मझौला उद्योग तथा व्यवसायको हिस्सा अधिकतम् रहेको व्यहोरा अवगत गराउनुभयो । साथै, समीक्षा वर्षको खुद मुनाफाबाट विभिन्न जगेडा कोषहरुमा आवश्यक व्यवस्था गरेपछि रू.११.५० प्रति शेयरका दरले नगद लाभांश तथा प्रत्येक १०० कित्ता शेयर बराबर १८.५० कित्ता बोनस शेयर (अर्थात् चुक्ता पुँजीको १८.५०%) गरी यस वर्ष ३०% लाभांश जारी गर्ने प्रस्ताव सहित विगतमा शेयरधनीसंग गरिएको प्रतिबद्धता पूरा गर्न बैंक यस वर्ष पनि सफल भएको जानकारी गराउनुभयो । विगतका वर्षहरुमा बाँडफाँड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा शेयरधनीहरुले बैंकमा लगानी गर्नुभएको स्थापना कालको चुक्ता पूँजी हाल सम्म आउँदा ९६० गुणाले वृद्धि गर्न बैंक सफल भएकोमा खुशी व्यक्त गर्नुभयो । बैंकले समीक्षा वर्ष २०७८/७९ मा मुलुकभर २३१ शाखा, २५० ए.टि.एम. तथा १७ एक्सटेन्सन काउन्टर मार्फत् आर्थिक/वित्तीय पहुँच पुराउन सहयोग गरेको व्यहोरा जानकारी गराउँदै गत वर्ष बैंकले ९६ वटा नयाँ शाखा (साविक नेपाल बङ्गलादेश बैंकको ८० समेत गरी) सञ्चालनमा ल्याएको अवगत गराउनुभयो । अध्यक्षले नबिल बैंक 'Global SME Finance Awards 2022' अन्तर्गत 'SME Financier of the Year – Asia' श्रेणीमा मानार्थ रूपमा उल्लेख पनि भएको अवगत गराउँदै आ.व. २०७७/७८ मा पनि बैंकिङ्ग क्षेत्रमध्ये सबैभन्दा बढी कर तिर्ने संस्था बन्न सफल भई नेपाल सरकार आन्तरिक राजश्व विभागबाट पुरस्कृत भएकोमा सबैलाई बधाई ज्ञापन गर्नुभयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समीक्षा वर्षमा नबिल बैंकले लगातार भारी वर्षका कारण टिकापुरमा आएको बाढीबाट पिडित बासिन्दाहरूका लागि राहत सामग्रीहरू वितरण गरेको सभाध्यक्षले सभालाई जानकारी गराउनुभयो । साथै, समीक्षा वर्षमा बैंकले Nabil School of Social Entrepreneurship (Nabil SSE) नामक कार्यक्रमको शुरूवात गरेको स्मरण गराउँदै देशको सामाजिक उद्यमशिलता विकासमा मद्दत गर्ने उद्देश्य बोकेको यस कार्यक्रमको

शुरूवात देशको ७ वटै प्रदेशमा गरिएको जानकारी सभालाई गराउनुभयो । नबिल दिगो बैंकिङ्ग अन्तर्गत २ वटा नयाँ किसिमका कर्जाहरु सुरूवात गरिएको र उद्यमशीलता विकास तथा वित्तीय साक्षरता लक्षित कार्यक्रमहरु १०० वटा शाखाहरुबाट सञ्चालन गरिएको सभा समक्ष जानकारी गराउनुभयो । बैंकले United Nations Capital Development Fund (UNCDF) बाट अमेरिकी डलर ६० हजार बराबरको वित्तीय सहयोग प्राप्त गरी UNCDF संगको साझेदारीमा महिला तथा युवा लक्षित QR Code प्रदान गरेर डिजिटल वित्तीय सेवालाई थप टेवा पुग्ने कार्य गरेको धारणा व्यक्त गर्नुभयो । यस आयोजना अन्तर्गत बैंकले हालसम्म चार हजार छ सय वटा QR को सञ्जाल बढाएको उहाँले जानकारी गराउनुभयो । उहाँले Central Renewable Energy Fund (CREF) सँगको सहकार्यमा Sustainable Energy Challenge Fund योजना अन्तर्गत प्रवाह हुने बीस प्रतिशत कर्जामा Loan Loss Guarantee को सम्झौता गरेको, Heifer International Nepal सँगको सहकार्यमा सो संस्थाको कार्यक्षेत्रभित्र रहेका स्थानमा वित्तीय सक्षरता तथा वित्तीय पहुँच प्रवर्द्धन गर्न सहकार्यको पाइला अघि बढाइएको तथा बैंक तथा वित्तीय संस्थाले जलवायु परिर्वतन न्युनीकरणका साथै जलवायु परिवर्तन अनुकुलनमा निर्वाह गर्न सक्ने भूमिकालाई आत्मसाथ गरी नबिल बैंकले वित्तीय संस्थाहरुको विश्वव्यापी साझेदारीमा स्थापित संस्था Partnership for Carbon Accounting Financials (PCAF) को सदस्यता लिएको सभालाई अवगत गराउनुभयो । बैंकले न्यून कार्वन अर्थतन्त्र (low carbon economy), दिगो तथा समतामूलक भविष्य (sustainable and equitable future) को लागि रणनीतिक रूपमा Green Financing, Climate Change Financing मा थप लगानी गर्न प्रतिवद्ध रहेको जानकारी गराउनुभयो । बैंकले सामाजिक उद्यमशीलता विकासका लागि नबिल सामाजिक उद्यमशीलता कार्यक्रम शुरू गरी उद्यमशीलतामा प्रमाणपत्र कार्यक्रम र फेलोशिप कार्यक्रम तय गरेको स्मरण गराउनुभयो । ग्राहकहरूको अपेक्षा पुरा गर्न, बैंकको अग्रणी श्रेणी कायम राख्न तथा सूचना प्रणालिको माध्यमबाट ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्न छुट्टै भर्टिकल स्थापना गरी nBank को रूपमा अगाडि बढाइसकेको जानकारी गराउनुभयो । nBank द्वारा बैंकले परिमार्जित नबिल फोन लोनको थालनी गरेको छ । यस कर्जा अनुसार नियमित तलब प्राप्त गर्ने ग्राहकको अलावा नबिल बैंकमा बचत खाता रहेका ग्राहक वर्गले पनि फोन लोनको सुविधा उपयोग गर्न पाउने छन् । यस वर्ष बैंकले नविनतम् प्रविधिमा आधारित २४/७ भिडियो के.वाई.सी. को पनि सुरूवात गरेको र विदेशमा रहेका ग्राहकहरुलाई समेत नबिल मोबाइल बैंकिङ्गको सुविधा प्रदान गर्ने हेतुले अन्तर्राष्ट्रिय फोन नम्बरबाट समेत मोबाइल बैंकिङ्गको सुविधा ग्रहण गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउनुभयो । यसबाहेक, यस अवधिमा पूर्व-अनुमोदित (स्वचालित) ऋण, स्वचालित नगद जम्मा गर्ने मेसिन, QR कोड

NABIL BANK Head Office Teendhara, Kathmandu

प्रयोग गरेर नगद निकाल्ने, बैंकको वेबसाइटलाई स्तरोन्नती गर्दै ग्राहक केन्द्रित वेबसाइटको सुरूवात गर्ने लगायत अन्य धेरै ग्राहक केन्द्रित डिजिटल पहलहरु लागू भएको व्यहोरा अवगत गराउनुभयो । समीक्षा आ.व. मा बैंकले राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त संस्था, साविकको नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरी २७ आषाढ २०७९ बाट संयुक्त कारोबार पनि सुचारू गरिसकेको स्मरण गराउँदै नेपाल बङ्गलादेश बैंकका १०० वटा शाखाहरू मध्ये ८० वटा शाखाहरू सञ्चालनमा रहेका र २० वटा शाखाहरू नबिल बैंकका हाल सञ्चालनमा रहेका एकै स्थानमा रहेका बिभिन्न शाखाहरूमा गाभिनुका साथै मर्जर तथा प्राप्ति पश्चात् एकै ठाउँमा शाखाहरू सञ्चालनमा रहेकाले दोहोरिएका १७ शाखाहरु स्थानान्तरको प्रक्रियामा रहेको जानकारी गराउनुभयो । यस्ता स्थानान्तर हुने शाखाहरु व्यापारिक दृष्टिकोणले मितव्ययी स्थानहरुमा सञ्चालनमा ल्याइने कुरा बताउनुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरू :

९.१ तत्श्चात् बैंकको आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनु हुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभयो ।

सभामा देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा देहाय अनुसारको प्रश्न तथा सुझावहरू व्यक्त गर्नुभएको थियो :

९.२ छलफलमा सहभागी हुने/लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरूको नाम:

१. श्री राम पदारथ साह
२. श्री उत्तम दत्त पाण्डे
३. श्री कमल राज खरेल
४. श्री शोभराज बराल
५. श्री गुणराज भट्ट
६. श्री दामोदर प्रसाद रेग्मी
७. श्री अंगराज भारती
८. श्री भानु रोशन राजभण्डारी

NABIL BANK Head Office Teendhara, Kathmandu

९. श्री अशोक उप्रेती

१०. श्री सिर्जना तिम्सिना

१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :

तोकिएको समयभित्रै साधारणसभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन । देशकै निजि क्षेत्रको पहिलो बैंकको रूपमा रहेको नबिल बैंकले यस वर्ष नाफा घटेको भए पनि अध्यक्षज्यूले गरेको प्रतिबद्धता अनुरूप नै समग्र वाणिज्य बैंकहरूमध्ये शेयरधनीहरूलाई सबैभन्दा बढी ११.५० प्रतिशत नगद लाभांश र १८.५० प्रतिशत बोनस शेयर गरी कुल ३० प्रतिशत लाभांश दिन सफल भएकोमा संस्थापक, सञ्चालक, कर्मचारी वर्ग लगायत सम्पूर्ण सबैलाई धन्यवाद ज्ञापन । आगामी वर्ष अझ बढी लाभांश प्राप्त हुने अपेक्षा व्यक्त । जनकपुर, विराटनगर लगायतका बढी भिडभाड हुने शाखाहरूमा काउन्टरको सङ्ख्या बढाउन सुझाव । काठमाण्डौको विशालनगरमा रहेको बैंकको जग्गाको संरक्षण गर्न सुझाव । बैंकको नाममा रहेका गैरबैंकिङ्ग सम्पत्तिको यथोचित व्यवस्थापन गर्नुपर्ने र बजार मूल्यभन्दा कममा बिक्री गर्न नहुने धारणा व्यक्त । सामाजिक उद्यमशीलता अन्तर्गत Nabil School of Social Enterpreneurship (NSSE) सुरू गरेकोमा धन्यवाद व्यक्त । कर्मचारीहरूलाई रोटेसन गराई परस्पर मेलमिलाप र सहकार्य बढाउनु पर्ने सुझाव व्यक्त । बैंकको सञ्चालक समिति तथा उच्च व्यवस्थापनमा रहेका पदाधिकारीको उच्च मूल्याङ्कन गर्दै बैंक अझ शसक्त र अग्रणी संस्थाका रूपमा अगाडि बढ्ने विश्वास व्यक्त । बैंकको सूचना माग गर्दा समयमा प्राप्त नभएको गुनासो व्यक्त । बैंकको पूँजी बढेर २७ अर्ब पुगिसकेकोले बैंकलाई अझ ठूलो बनाउन वा मर्ज गर्न आवश्यक नरहेको बरू बोनस सेयर जारी गरेर पूँजी बढाउनु पर्ने धारणा व्यक्त । बैंकको निष्क्रिय कर्जा (एन.पी.ए.) १.६४% पुगेकोमा चिन्ता व्यक्त गर्दै त्यसलाई १% भन्दा तल ल्याउन सुझाव । विपन्न वर्ग क्षेत्र सम्बन्धी कर्जा सीमा तोकिए बमोजिम कायम राख्न अनुरोध । बैंकले आफ्ना शाखाहरूबाट प्रवाह हुने सेवा सुविधा छिटो छरितो बनाउनु पर्ने र गुणस्तर सुधार गर्नुपर्ने सुझाव व्यक्त । बैंकको सूचना अधिकारीका सम्बन्धमा ग्राहक, कर्मचारी लगायत सबैलाई जानकारी गराउनुपर्ने धारणा व्यक्त । नबिल बैंक वाणिज्य बैंकमध्ये अग्रणी संस्था रहेको हुनाले आफ्ना कमीकमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने धारणा व्यक्त । तोकिएको क्षेत्र (Targeted sector) मा बैंक वित्तीय संस्थाहरूले गरेको लगानी किन प्रभावकारी हुन सकेन भन्ने विषयमा सरोकारवालाहरूले अध्ययन अनुसन्धान गरेर अगाडि बढ्नुपर्ने सुझाव । बैंकिङ्ग क्षेत्रमा नयाँनयाँ प्रविधिको विकास र प्रयोग भइरहेको

NABIL BANK Head Office Teendhara, Kathmandu

हुँदा तिनका सम्बन्धमा ग्राहकवर्गलाई तालिम दिने तथा सुसूचित गर्न अनुरोध गर्दै सुरक्षा प्रणाली मजबुत बनाउन सुझाव । कर्मचारीको क्षमता अभिवृद्धि गर्दै तनाव व्यवस्थापन सम्बन्धी तालिम दिनुपर्ने धारणा व्यक्त ।

११. सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नुभएको सुझाव, जिज्ञासा एवं प्रश्नहरूको अध्यक्षले दिनुभएको जवाफ :

शेयरधनी महानुभावहरूले प्रकट गर्नुभएका महत्वपूर्ण सुझाव, जिज्ञासा एवं प्रश्नहरूको संक्षिप्त जवाफ दिंदै सभाअध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलले सम्पूर्ण शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र यस साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट प्राप्त भएका सम्पूर्ण सुझाव, जिज्ञासा र प्रश्नहरू बैंकका लागि आगामी दिनमा मार्गदर्शनका रूपमा रहने जानकारी गराउँदै प्राप्त सुझावहरूलाई यथाशक्य सम्भव भएसम्म कार्यान्वयन गर्दै आफ्ना कमीकमजोरीहरूलाई सुधार गर्दै अगाडि बढ्न बैंकको सञ्चालक समिति तथा व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी समेत सभा समक्ष व्यक्त गर्नुभयो ।

१२. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव तर्फ :

१. सञ्चालक समितिको प्रतिवेदन २०७८/७९ पारित गर्ने ।

सभामा प्रस्तुत आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट प्रतिवेदन पारित गऱ्यो ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने ।

लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरियोस् भनी

NABIL BANK Head Office Teendhara, Kathmandu

अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले आ.व. २०७८/७९ को वित्तीय अवस्थाको विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. यस बैंकका सहायक कम्पनीहरू 'नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नेपाल बङ्गलादेश क्यापिटल लिमिटेड र एन.बी.बी.एल. सेक्युरिटिज लिमिटेड' को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत **(Consolidated)** वित्तीय विवरण स्वीकृत गर्ने ।

बैंकको सहायक कम्पनीहरू 'नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नेपाल बङ्गलादेश क्यापिटल लिमिटेड र एन.बी.बी.एल. सेक्युरिटिज लिमिटेड' को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो एकीकृत वित्तीय विवरण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११.५०% का दरले हुन आउने रु.२ अर्ब ६२ करोड ५७ लाख ८४ हजार ४ सय ९२ रूपैयाँ ६८ पैसा बराबर नगद लाभांश स्वीकृत गर्ने ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११.५०% का दरले हुन आउने रु.२ अर्ब ६२ करोड ५७ लाख ८४ हजार ४ सय ९२ रूपैयाँ ६८ पैसा बराबर नगद लाभांश वितरण गर्न स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

५. आ.व. २०७९/८० (२०२२/२३) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७९/८० का लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष

NABIL BANK Head Office Teendhara, Kathmandu

प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स र श्री पि.जे.पि.एन. एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्सलाई संयुक्त रूपमा लेखापरीक्षकको रूपमा पुन:नियुक्त गरी पारिश्रमिक स्वरूप रू.४०,११,५००/-(अक्षरेपी रुपैयाँ चालीस लाख एघार हजार पाँच सय मात्र)(मूल्य अभिवृद्धि कर सहित) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्‍यो ।

६. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचन गर्ने ।

सभाअध्यक्षले बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचन सम्बन्धमा आवश्यक जानकारी गराइदिन निर्वाचन अधिकृत अधिवक्ता शरद राना मगरज्यूलाई अनुरोध गर्नुभयो । निर्वाचन अधिकृतज्यूले निर्वाचन सम्बन्धमा निर्वाचन तालिका बमोजिमको विस्तृत जानकारी दिँदै संस्थापक शेयरधनीको तर्फबाट एनबी (ईन्टरनेशनल) लि., आयरल्याण्ड लाई प्रतिनिधित्व गर्दै श्री निर्वाण कुमार चौधरीज्यू र श्री मलय मुखर्जीज्यू तथा संस्थापक शेयरधनी आई.एफ.आई.सी. बैंक, बङ्गलादेशलाई प्रतिनिधित्व गर्दै ए.आर.एम. नजमुस शकिबज्यू बाहेक अन्य कसैको उम्मेदवारी नपरेकाले उहाँहरू निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँदै निर्विरोध निर्वाचित श्री चौधरी, श्री मुखर्जी तथा श्री शकिबज्यूलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, नवनिर्वाचित सञ्चालकहरूलाई अध्यक्ष, सञ्चालकहरू तथा प्रमुख कार्यकारी अधिकृतले बधाई ज्ञापन एवं स्वागत गर्नुभयो ।

(ख) विशेष प्रस्ताव तर्फ :

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.२८,००,००,००,०००/- (अक्षरेपी अठ्ठाइस अर्ब) पुर्‍याउने ।

NABIL BANK Head Office Teendhara, Kathmandu

बैंकको अधिकृत पूंजी वृद्धि गरी रू.२८,००,००,००,०००।- (अक्षरेपी अठ्ठाइस अर्ब) पुऱ्याउन अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. संचालक समितिले प्रस्ताव गरे बमोजिम रू.४,२२,४०,८८,०९६/९२ बराबर बोनस शेयर अर्थात चुक्ता पूंजीको १८.५० प्रतिशत (अर्थात प्रत्येक १०० शेयर बराबर १८.५० शेयर) बोनस शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूंजी रू.२७,०५,६९,९६,७२९/२६ पुऱ्याउने ।

वि.सं. २०७९ आषाढ मसान्तमा समाप्त आर्थिक वर्षको मुनाफा तथा वितरणयोग्य सञ्चित कोषबाट संचालक समितिले प्रस्ताव गरे बमोजिम रू.४,२२,४०,८८,०९६/९२ बराबर बोनस शेयर अर्थात चुक्ता पूंजीको १८.५० प्रतिशत (प्रत्येक १०० शेयर बराबर १८.५० शेयर) बोनस शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूंजी रू.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताइस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस र पैसा छब्बिस मात्र) कायम गर्ने अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) तथा नियमावलीको नियम ३१(२), ३१(३) र ३१(४) को संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने

बैंकको प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) तथा नियमावलीको नियम ३१(२), ३१(३) र ३१(४) मा संशोधन हुन अध्यक्षज्यूबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरू तपसिल बमोजिम सर्वसम्मतिबाट पारित गऱ्यो:

(क) प्रबन्धपत्रमा संशोधन :

NABIL BANK Head Office Teendhara, Kathmandu

◎ प्रबन्धपत्रको दफा ५ को उपदफा (१) लाई देहाय बमोजिम संशोधन गर्ने :
बैंकको अधिकृत पूंजी रू.२८,००,००,००,०००/- (अक्षरेपी रूपैयाँ अठ्ठाईस अर्ब मात्र) हुनेछ । सो पूंजीलाई रू.१००/- दरका २८,००,००,००० ( अठ्ठाईस करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

◎ प्रबन्धपत्रको दफा ५ को उपदफा (२) लाई देहाय बमोजिम संशोधन गर्ने :
बैंकको जारी पूंजी रू.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी रूपैयाँ सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस र पैसा छब्बिस मात्र) हुनेछ, सो पूंजीलाई प्रति शेयर रू.१००/- का दरको २७,०५,६९,९६७.२९ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

◎ प्रबन्धपत्रको दफा ५ को उपदफा (३) लाई देहाय बमोजिम संशोधन गर्ने:
बैंकको चुक्ता पूंजी रू.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी रूपैयाँ सत्ताईस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस र पैसा छब्बिस मात्र) हुनेछ, सो पूंजीलाई प्रति शेयर रू.१००/- का दरको २७,०५,६९,९६७.२९ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) नियमावलीको संशोधन:

◎ नियमावलीको नियम ३१ को उपनियम (२) लाई देहाय बमोजिम संशोधन गर्ने:

सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत प्रति बैठक अध्यक्षलाई रू. २५,०००/- तथा अन्य सञ्चालकहरूलाई रू.२०,०००/- प्रदान गरिनेछ ।

अन्य उपसमितिको बैठकमा उपस्थित भए बापत समेत उपसमितिको संयोजक तथा सञ्चालक सदस्यलाई सोही अनुसारको भत्ता प्रदान गरिनेछ ।

स्पष्टीकरण

NABIL BANK Head Office Teendhara, Kathmandu

सञ्चालकको स्थायी ठेगानाका आधारमा सञ्चालककहरूलाई उल्लिखित भत्ता परिवर्त्य विदेशी मुद्रा अर्थात भारतिय रूपैयां वा अमेरिकी डलरमा भुक्तानी गरिनेछ ।

◎ नियमावलीको नियम ३१ को उपनियम (३) लाई देहाय बमोजिम संशोधन गर्ने:

बैंकको कामको सिलसिलामा स्वदेशी तथा विदेशी सञ्चालककहरू देशभित्र वा विदेश भ्रमणमा जाँदा देहाय बमोजिमको दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिईनेछ :

(क) प्रथम श्रेणीको यातायात सुविधा बिल बमोजिम

(ख) आवास तथा भोजनको निमित्त ५ तारे होटलको बिल बमोजिम

(ग) नेपाली नागरिक सञ्चालकको दैनिक भत्ता

१. नेपालभित्र ने.रू. ४,०००/-

२. भारतमा भा.रू. ४,०००/-

३. भारत बाहेक अन्य सार्क मुलकहरूमा अमेरिकी डलर १५०/-

४. बाँकी अन्य मुलुकहरूमा दैनिक अमेरिकी डलर २५०/-

स्पष्टिकरण:

भारत, अन्य सार्क मुलुक र अन्य मुलुकहरूबाट नेपाल आउने सञ्चालककहरूलाई दैनिक तथा भ्रमण भत्ता प्रदान गर्दा क्रमश: ग(२), ग(३) र ग(४) बमोजिम भुक्तानी गरिनेछ । सञ्चालकको स्थायी ठेगानाका आधारमा सञ्चालककहरूलाई उल्लिखित भत्ता परिवर्त्य विदेशी मुद्रा अर्थात भारतिय रूपैयां वा अमेरिकी डलरमा भुक्तानी गरिनेछ ।

◎ नियमावलीको नियम ३१ को उपनियम (४) लाई देहाय बमोजिम संशोधन गर्ने:

सञ्चालककहरूलाई पत्रपत्रिका तथा सञ्चार सुविधा भत्ता वापत मासिक रू. २०,०००/- (करपछि, यदि कर लाग्ने भएमा) प्रदान गरिनेछ ।

NABIL BANK Head Office Teendhara, Kathmandu

स्पष्टीकरण:
सञ्चालकको स्थायी ठेगानाका आधारमा सञ्चालकहरूलाई उल्लिखित भत्ता परिवर्त्य विदेशी मुद्रा अर्थात भारतिय रूपैयाँ वा अमेरिकी डलरमा भुक्तानी गरिनेछ ।

साथै, उपर्युक्त बमोजिमको प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकाय(हरू) बाट परिमार्जन, फेरबदल तथा संशोधनको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन/समायोजन/संशोधन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार दिने समेत सभाले सर्वसम्मत निर्णय गर्‍यो ।

४. आर्थिक बर्ष २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

आ.व.२०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३७ मा आ.व.२०७८/७९ को खुद मुनाफाको कम्तीमा १ प्रतिशत रू. ४,२५,६०,२४२/- संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गरिएको र साविकमा उक्त कोषमा जम्मा गरिएको रकमबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आ.व.२०७८/७९ मा रू.३,८५,१५,३५२/- खर्च गरिएको हुँदा उक्त खर्च तथा रकम कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृति प्रदान गर्‍यो ।

५. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति/एक्विजिसन गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने :

NABIL BANK Head Office Teendhara, Kathmandu

नबिल बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने वा प्राप्ति (एक्विजिसन) गर्ने तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्ने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्ने, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्ने तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो ।

(ग) विविध :

यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

१३. धन्यवाद ज्ञापन :

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाध्यक्षले शेयरधनी महानुभावहरू सकारात्मक तथा सक्रिय रूपले सहभागी हुनु भई बैंकको प्रगतिका लागि आवश्यक सुझाव तथा मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा खुशी व्यक्त गर्दै ३८औं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई सभामा उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरू, लेखापरीक्षक, निर्वाचन अधिकृत, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरू, नियमन निकायहरू लगायत यस साधारण सभा सफलतापूर्वक सम्पन्न गर्नका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. सभा विसर्जन

तत्पश्चात् सभाध्क्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै अपरान्ह १२:३० बजे सभा विसर्जन गर्नुभयो ।

NABIL BANK Head Office Teendhara, Kathmandu

विनय कुमार रेग्मी
(कम्पनी सचिव)

उपेन्द्र प्रसाद पौडेल
(अध्यक्ष)